श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०३२ सालको अध्यादेश नं. ७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

## राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : राष्ट्रिय पञ्चायतको सदस्यको निर्वाचनको सम्बन्धमा तत्काल व्यवस्था गर्न आवश्यक भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट नेपालको संविधानको धारा ५७ बमोजिम यो अध्यादेश जारी गरिबक्सेको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस अध्यादेशको नाम "राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) अध्यादेश, २०३२" रहेको छ ।

(२) यो अध्यादेशको विस्तार नेपाल अधिराज्यभर हुनेछ ।

(३) यो दफा तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको क्षेत्रमा तोकेको मितिदेखि प्रारम्भ हुनेछन् ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) "निर्वाचन" भन्नाले नेपालको संविधानको धारा ३४ को उपधारा (३) बमोजिम राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त हुने निर्वाचन सम्झनु पर्छ।

(ख) "उम्मेदवार" भन्नाले दफा ३ बमोजिमको उम्मेदवार सम्झनु पर्छ ।

(ग) "मतदाता" भन्नाले दफा ४ बमोजिमको मतदाता सम्झनु पर्छ ।

(घ) "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत निर्वाचन आयोगले जारी गरेको आदेशमा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२

## उम्मेदवार र मतदाता

३. उम्मेदवार : जुन जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने हो सो जिल्लाको जिल्ला पञ्चायतका सभापति, उपसभापति तथा सदस्य निर्वाचनमा उम्मेदवार हुन पाउने छन् ।

४. मतदाता : निर्वाचनमा देहायका व्यक्तिहरू मतदाता हुनेछन् :–

(क) सम्बन्धित अञ्चल सभाका सदस्यहरू, र

(ख) जुन जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व हुने हो सो जिल्लाको जिल्ला सभाका सदस्यहरू ।

५. उम्मेदवारको अयोग्यता : (१) देहायका व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य हुनेछैनन् :–

(क) मगज बिग्रेको,

(ख) लाटो,

(ग) साहूको दामासाहीमा परेको,

(घ) बहालवाला सरकारी कर्मचारी,

(ङ) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थाको बहालवाला कर्मचारी,

(च) कुनै तहको पञ्चायतको बहालवाला कर्मचारी,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

(छ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा दोषी प्रमाणित भए बापत छ महीनाभन्दा बढी कैदको सजाय भई सो कैदको सजाय भोगिसकेको मितिले पाँच वर्ष भुक्तान नभएको,

(ज) निर्वाचनसम्बन्धी अपराधमा अदालतबाट भएको कैदको सजाय भोगिसकेको मितिले एक वर्षको अवधि भुक्तान नभएको,

(झ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्धारण गरेको योग्यता नपुगेको,

(ञ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिले निर्धारण गरेको योग्यता नपुगेको आधारमा सो समितिले उम्मेदवारी अनुमोदन नगरेको,

(ट) पच्चीस वर्ष उमेर पूरा नभएको, वा

(ठ) कुनै कानूनले अयोग्य भएको।

(२) संघ संस्था (नियन्त्रण गर्ने) ऐन, २०१९ वा राजकाज (अपराध र सजाय) ऐन, २०१९ अन्तर्गत कुनै अदालतको फैसलाबाट कैदको सजाय पाएको व्यक्तिले सो सजाय भोगिसकेको मितिले दुई वर्षसम्म निर्वाचनमा उम्मेदवार हुन पाउने छैन।

(३) कुनै निर्वाचनमा उम्मेदवार भएको व्यक्ति उपदफा (१) वा (२) बमोजिम अयोग्य हुन गएमा मतदान शुरू हुनुभन्दा अगावै जुनसुकै बखत पनि निजको दरखास्त स्वत: खारेज हुनेछ।

(४) उपदफा (३) बमोजिम भएको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित निर्वाचन विशेष अदालतमा उजूरी गर्न सक्नेछ।

६. उम्मेदवारको उमेरको गणना: उम्मेदवार हुनको निमित्त आवश्यक पर्ने उमेरको गणना गर्दा दफा १३ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएको मितिसम्ममा पच्चीस वर्षको उमेर पूरा गरेको हुनु पर्नेछ।

## परिच्छेद–३
## निर्वाचन अधिकृतको नियुक्ति

७. निर्वाचन अधिकृतको नियुक्ति: (१) निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगले निर्वाचन अधिकृत नियुक्त गर्नेछ। निर्वाचन आयोगले निर्वाचन अधिकृतको अतिरिक्त मतदान अधिकृत पनि नियुक्त गर्न सक्नेछ।

(२) निर्वाचन आयोगले मतदान अधिकृत नियुक्त गरेको अवस्थामा बाहेक उपदफा (१) बमोजिम नियुक्त भएको निर्वाचन अधिकृतले मतदान अधिकृत नियुक्त गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन अधिकृतले आवश्यकता अनुसार अन्य सरकारी कर्मचारीहरूलाई समेत निर्वाचनको काममा खटाउन सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त भएको वा खटिएको अधिकृत वा कर्मचारीलाई निर्वाचन अधिकृतले अवस्था हेरी आफ्नो सबै वा केही अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## परिच्छेद–४
## निर्वाचनको सञ्चालन

८. निर्वाचनको सूचना : उम्मेदवारको लागि दरखास्त दिने र त्यसको जाँच गर्ने मिति, समय र स्थान, उम्मेदवारको योग्यताको विरोध गर्ने मिति, समय र स्थान, उम्मेदवारले नाम फिर्ता लिने आखिरी मिति र समय तथा मतदान हुने मिति, समय र स्थान निर्वाचन अधिकृतले तोक्नेछ र त्यसरी तोकेको कुराको सूचना सम्बन्धित मतदाताहरूको जानकारीको लागि तोकिए बमोजिम समयमै प्रकाशित गर्नेछ ।

९. उम्मेदवारको लागि दरखास्त : (१) निर्वाचनमा उम्मेदवार हुन चाहने व्यक्तिले दफा ८ बमोजिम सूचना प्रकाशित भएपछि सोही सूचनामा तोकिएको समयभित्र तोकिएको स्थानमा आफै उपस्थित भई वा अख्तियार प्राप्त वारिस पठाई तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने उम्मेदवारले आफ्नो दरखास्तमा एक जना प्रस्तावक र एक जना समर्थक गरी दुई जना मतदाताको सहीछाप गराएको हुनुपर्छ । त्यस्तो प्रस्तावक वा समर्थक उम्मेदवारको जिल्लाको जिल्ला सभाको सदस्य हुनुपर्छ ।

(३) कुनै निर्वाचनमा कुनै एक उम्मेदवारको प्रस्तावक वा समर्थक भइसकेको व्यक्ति वा आफै उम्मेदवार भएको व्यक्ति सोही निर्वाचनमा अर्को उम्मेदवारको प्रस्तावक वा समर्थक भएको दरखास्तलाई मान्यता दिइने छैन ।

तर एउटै जिल्लाबाट राष्ट्रिय पञ्चायतको एकभन्दा बढी पदको लागि हुने निर्वाचनमा जति पदको लागि निर्वाचन गरिने हो त्यति उम्मेदवारहरूको प्रस्तावक वा समर्थक हुन यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

१०. रीतपूर्वकको दरखास्त दर्ता गर्ने : दफा ९ बमोजिम दरखास्त प्राप्त भएपछि निर्वाचन अधिकृतले दरखास्त रीतपूर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी त्यसको निस्सा दरखास्तवाला वा निजको वारिसलाई दिनुपर्छ । रीत नपुगेको दरखास्तमा जे जति रीत नपुगेको हो सो सच्याउन मौका दिनु पर्छ । यसरी दरखास्त सच्याउन मौका दिंदा दरखास्तमा प्रस्तावक वा समर्थक दोहोरिएको वा कुनै उम्मेदवार नै प्रस्तावक वा समर्थक भएको रहेछ भने सो समेत कुरा उल्लेख गरी सच्याउने मौका दिनुपर्छ । दरखास्तवालाले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

3CC

सच्याउन नचाहेमा त्यस्तो व्यहोरा दरखास्तमा जनाई त्यसको सूचना दरखास्तवालालाई दिनु पर्नेछ ।

११. दरखास्तको जाँच गर्ने : (१) दरखास्त दिने म्याद समाप्त भएपछि दफा ९ बमोजिम पर्न आएको दरखास्तलाई निर्वाचन अधिकृतले जाँच गर्नेछ । त्यसरी दरखास्त **जांच** गर्दा उम्मेदवार वा निजको वारिस उपस्थित हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्तको जाँच गर्दा दरखास्तवाला प्रचलित नेपाल कानून बमोजिम उम्मेदवार हुन योग्य नभएको वा दरखास्त रीत नपुगेको भई सच्याउन मौका दिंदा दरखास्तवालाले नसच्याएको देखिएमा त्यस्तो दरखास्त निर्वाचन अधिकृतले बदर गर्नेछ ।

१२. नाम फिर्ता लिने : (१) उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा दफा ८ बमोजिम प्रकाशित भएको सूचनामा तोकिएको म्यादभित्र आफै उपस्थित भै वा आफ्नो वारिस पठाई निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवारले आफ्नो नाम फिर्ता लिने सूचना निर्वाचन अधिकृतलाई दिइसकेपछि सो सूचना फेरि फिर्ता माग्न पाउने छैन ।

१३. उम्मेदवारको नामावलीको प्रकाशन : दफा १२ बमोजिम उम्मेदवारले नाम फिर्ता लिने म्याद समाप्त भएपछि कायम हुन आएका उम्मेदवारहरूको सूची तयार गरी निर्वाचन अधिकृतले उम्मेदवारहरूको नामावली तोकिए बमोजिम प्रकाशित गर्नेछ ।

१४. उम्मेदवारको बिरोध गर्ने : दफा १३ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि दफा ८ बमोजिम प्रकाशित भएको सूचनामा तोकिएको म्यादभित्र उम्मेदवारको योग्यताको बिरोध गरी कुनै मतदाताले उजूरी दिन सक्नेछ र त्यसरी उजूरी पर्न आएमा निर्वाचन अधिकृतले उम्मेदवारलाई आफ्नो सफाइ पेश गर्ने मौका दिई तुरुन्त छानबीन गरी निर्णय दिनु पर्नेछ ।

१५. निर्विरोध घोषित हुने : उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्याभन्दा बढी नभएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषित गर्नेछ ।

## परिच्छेद–५

## मतदानसम्बन्धी कार्य

१६. मतपत्र : निर्वाचन अधिकृतले मतदाता सूचीमा प्रत्येक मतदाताको सहीछाप गराई निजलाई तोकिए बमोजिमको मतपत्र दिनेछ ।

१७. रेजा चिह्न लगाउने : मतदाताहरूले मतदान गर्दा मतपत्रमा रेजा चिह्नको प्रयोग गर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८९

१८. मतदान केन्द्रमा प्रवेश : (१) निर्वाचन अधिकृतले मतदान केन्द्रमा निम्नलिखित व्यक्ति बाहेक अरूलाई प्रवेश गर्न दिने छैन :—

(क) मतदाताहरू,

(ख) उम्मेदवार वा निजको वारिस, र

(ग) निर्वाचनको कामलाई आवश्यक भनी निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्तिहरू ।

(२) मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गरी सकेका मतदाताहरू बाहेक अरूले मतदान गर्न पाउने छैन ।

१९. निर्वाचन अधिकृतले निरीक्षण गर्न सक्ने : कुनै मतदाता मत दिने स्थानभित्र मनासिब समयभन्दा बढी बसेमा वा निर्वाचन अधिकृतलाई कुनै शङ्का लागेमा निजले मतपेटिका राखेको स्थानमा आवश्यक निरीक्षण गर्न सक्नेछ ।

२०. अशक्त मतदाता : कुनै मतदाताले शारीरिक असमर्थता वा अरू कुनै कारणवश आफै मतदान गर्न नसक्ने भई आफ्नो पत्यारको कुनै व्यक्तिलाई साथ लैजान अनुमति मागेमा निर्वाचन अधिकृतले उपयुक्त सम्झेमा त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत दिने स्थानमा प्रवेश गर्न दिन सक्नेछ ।

२१. मतदानको तरीका : मतदान गोप्य तरीकाले हुनेछ ।

२२. मतपेटिका बन्द गर्ने : (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले उम्मेदवार वा निजको वारिस उपस्थित भए निजको सामुन्ने मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गर्नुपर्छ र आफ्नो तथा उम्मेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाउनु पर्छ ।

(२) मतपत्र दिंदा प्रयोग गरिएका मतदाता नामावली, मतपेटिका बाहिर कुन मतपत्र भए त्यस्तो मतपत्र तथा निर्वाचनसम्बन्धी मुचुल्काहरू छुट्टाछुट्टै खाममा राखी निर्वाचन अधिकृतले आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाई बन्द गर्नुपर्छ ।

२३. मतपेटिका बिगारिएमा वा हराएमा पुनः मतदान गर्ने: (१) कुनै मतदान केन्द्रको मतपेटिका लुटिएमा, गैरकानूनी तवरले खोलिएमा, फोरिएमा, दुर्घटनावश नाश भएमा, जानी जानी नाश गरिएमा वा हराएमा निर्वाचन अधिकृतले मतदान बदर गरी तुरुन्त निर्वाचन आयोगमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान बदर गरिएको केन्द्रमा पुनः मतदान गर्ने मिति र समय सकभर चाँडो निर्वाचन अधिकृतले ठेगान गरी मतदान सम्पन्न गराउनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यसरी मतदान गर्ने मिति र समय तोकेको कुराको सूचना निर्वाचन अधिकृतले तुरुन्त निर्वाचन आयोगलाई दिनु पर्नेछ ।

२४. संकटकालमा मतदान स्थगित गर्ने : कुनै मतदान केन्द्रमा हुलदङ्गा भई वा कुनै प्राकृतिक बिपद परी वा अरू कुनै कारणले गर्दा मतदानकार्य सञ्चालन हुन नसक्ने भएमा निर्वाचन अधिकृतले सो दिनको कार्य स्थगित गरी साधारणतया त्यसको भोलिपल्टै सो केन्द्रको मतदान कार्य सम्पन्न गर्नु पर्नेछ । त्यसरी स्थगित भएको र अर्को दिन मतदान कार्य सम्पन्न भएको कुराको सूचना निर्वाचन अधिकृतले तुरुन्त निर्वाचन आयोगमा पठाउनु पर्नेछ ।

## परिच्छेद–६

## मतगन्ती

२५. मतगन्ती : (१) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले मतगन्ती गर्ने मिति, समय र स्थान तोक्नेछ र उम्मेदवारहरूको जानकारीको लागि सो कुराको सूचना प्रकाशित गर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगन्तीको काम सकेसम्म लगातार जारी राखी सिध्याउनु पर्छ । कुनै कारणवश मतगन्तीको काम बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले मतपत्रहरू, मतपेटिकाहरू र निर्वाचनसम्बन्धी अरू कागजातहरू बन्द गरी आफ्नो र उम्मेदवार वा निजको वारिसले चाहेमा निजको समेत लाहाछाप लगाई हिफाजतसाथ राख्नेछ र साधारणतया त्यसको भोलिपल्टै मतगन्तीको काम पुन: चालू गर्नेछ ।

(३) निर्वाचन परिणाम घोषणा हुनुभन्दा अगाडि सबै वा केही मतपत्रहरू फेरी दोहोऱ्याई गन्ती गराई पाउँ भनी कारण समेत खुलाई कुनै उम्मेदवार वा निजको वारिसले निवेदन गर्न सक्नेछ र त्यस्तो निवेदन परेकोमा दोहोऱ्याई मतगन्ती गराउने वा नगराउने अधिकार निर्वाचन अधिकृतको हुनेछ । निर्वाचन अधिकृतले दोहोऱ्याई मतगन्ती नगर्ने निर्णय गरेमा त्यसको कारण समेत निवेदनमा जनाई त्यसको सूचना निवेदकलाई दिनेछ ।

(४) निर्वाचन अधिकृतले मतगन्ती गर्ने स्थानमा उम्मेदवार, निजको वारिस र सम्बन्धित कर्मचारीहरू बाहेक अरूलाई पस्न नदिन सक्नेछ ।

(५) मतगन्ती गर्ने काममा बाधा दिने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले मतगन्ती गर्ने स्थानबाट बाहिर पठाउन सक्नेछ ।

२६. मतपत्र बदर हुने अवस्था : देहायका मतपत्र बदर हुनेछन् :–

(क) निर्वाचन अधिकृतको सही वा छाप नभएको,

(ख) निर्वाचन हुने पदको संख्याभन्दा बढी उम्मेदवारको नाममा रेजा चिन्ह लागेको,

(ग) रेजा चिन्ह बाहेक अन्य कुनै चिन्ह वा कुरा लेखिएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी च्यातिएको वा फोहोर गरिएको,

(ङ) कुनै नाममा पनि रेजा चिन्ह नलागेको,

(च) रेजा चिन्ह लगाउने कोठा बाहिर रेजा चिन्ह लागेको,

(छ) कुन उम्मेदवारको लागि मत दिएको हो सो नछुट्टिने गरी रेजा चिन्ह लागेको,

(ज) जाली मतपत्र, वा

(झ) मतपेटिका बाहिर खसेका।

२७. निर्वाचनको परिणामको घोषणा : (१) मतगन्ती सकिने बित्तिकै निर्वाचन अधिकृतले उपदफा (२) र (३) बमोजिम निर्वाचनको परिणाम घोषणा गर्नेछ र त्यसको सूचना निर्वाचन आयोगमा तुरुन्त पठाउनेछ।

(२) मतदानमा साधारण बहुमत प्राप्त गर्ने उम्मेदवार निर्वाचित हुनेछ।

(३) मतदानमा सबभन्दा बढी मत पाउने दुई वा दुईभन्दा बढी उम्मेदवारहरूको मत बराबर भएमा निर्वाचन अधिकृतले गोला हाली निर्णय गर्नेछ।

## परिच्छेद–७
## विविध

२८. निर्वाचनको फाँटवारी तयार गर्ने : मतगन्ती सकिएपछि मतदाताको संख्या, उम्मेदवारको संख्या, खसेको मतसंख्या, बदर भएको मतसंख्या र प्रत्येक उम्मेदवारले पाएको मतसंख्या खोली निर्वाचन अधिकृतले निर्वाचनको फाँटवारी तयार गर्नु पर्छ र त्यसको एक प्रति निर्वाचन आयोगमा पठाउनु पर्छ।

२९. निर्वाचनसम्बन्धी कागजात : (१) निर्वाचनमा प्रयोग भएका कागजहरूमध्ये निर्वाचन अधिकृतको जिम्मामा रहेको सदर वा बदर भएको मतपत्रको बन्दीखाम, मुचुल्काहरूको बन्दीखाम तथा मतदान केन्द्रमा प्रयोग भएको मतदाता सूचीको बन्दीखाम निर्वाचन विशेष अदालतको आदेशबिना खोल्न वा हेर्न हुँदैन।

(२) उपदफा (१) मा उल्लिखित कागजहरू बाहेक निर्वाचनसम्बन्धी अरू कागजहरू उम्मेदवार वा निजको वारिसले हेर्न वा त्यसको नक्कल लिन चाहेमा तोकिए बमोजिमको दस्तूर तिरी हेर्न वा नक्कल लिन सक्नेछ।

(३) उपदफा (१) मा उल्लिखित कागजहरू मुद्दा परेकोमा अन्तिम टुंगो लागेको मितिले र नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले दुई वर्षसम्म नसडाई सुरक्षित राख्नुपर्नेछ।

३०. आदेश जारी गर्ने र निर्देशन दिने : (१) निर्वाचनको कार्यविधिको सम्बन्धमा निर्वाचन आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) निर्वाचन सञ्चालनको सम्बन्धमा निर्वाचन आयोगले निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनको काममा खटिएका अन्य कर्मचारीहरूलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु निजहरूको कर्तव्य हुनेछ ।

३१. खारेजी : यो अध्यादेशका प्रारम्भ हुन बाँकी दफाहरू नेपाल अधिराज्यको जुन जुन क्षेत्रमा प्रारम्भ हुन्छन् तत् तत् क्षेत्रमा राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ तथा अञ्चल सभा ऐन, २०२४ निष्क्रिय हुनेछन् र नेपाल अधिराज्यभर लागू भएपछि राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१९ तथा अञ्चल सभा ऐन, २०२४ स्वतः खारेज हुनेछन् ।

लालमोहर सदर मितिः– २०३२।८।२६।६

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।